बैठक संख्या - ८

मिति २०७८ साल आषाढ महिनाको २८ गतेका दिन यस गढवा गाँउपालिकामा अध्यक्ष श्री यम नारायण खे्रल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको रू गरियो ।

ी :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| | अध्यक्ष | श्री यम नारायण शर्मा पोखे्रल ज्यू | |
| | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी ज्यू | |
| | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| | वडाध्यक्ष | श्री हरि भगत चौधरी | |
| | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| | सदस्य | श्री मिना पुन | |
| | सदस्य | श्री मान बहादुर नेपाली | |
| | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| | सदस्य | श्री चन्द्रा के.सी. | |
| | सदस्य | श्री रमा भण्डारी | |
| | सचिब | श्री लाल बहादुर योगी | |

:-

त आचार्य, अधिकृतस्तर सातौं (लेखा) ।

शर्मा , अधिकृत छैठौं ।

**मिति २०७९/०३/२८ गतेको गाउँकार्यपालिकाको बैठकमा प्रेसित प्रस्तावहरू :**

**प्रस्ताव नम्बर १** : आ.व. २०७८/०७९ को अन्त्यमा कार्यसम्पन्न गरि अन्तिम दिन लेखा शाखामा पेश भएका तर भुक्तानी हुन नसकेका फाईल सम्बन्धमा ।

**प्रस्ताव नम्बर २** : कृषि शाखाको कार्यक्रम अर्न्तगत पावर टिलर वितरण र सो को भुक्तानी सम्बन्धमा ।

**प्रस्ताव नम्बर ३** : गढवा गाउँपालिका क्षेत्रभित्रको जग्गाको वर्गिकरण सम्बन्धमा ।

**प्रस्ताव नम्बर ४** : मालपोत कार्यालय लमहीलाई पठाउने जग्गाको मूल्याङ्कन दररेट सम्बन्धमा ।

**प्रस्ताव नम्बर ५** : गढवा गाउँपालिकाको शिक्षा समिति गठन सम्बन्धमा ।

**प्रस्ताव नम्बर ६** : यस आ.व. २०७९/०८० का लागि सुचिकृत बेरोजगारहरूको प्राथमिकिकरण सूचना प्रकाशन गर्ने सम्बन्धमा ।

**प्रस्ताव नम्बर ७** : रोजगार सेवा केन्द्रका लागि रोजगार सहायक पदमा विज्ञापन गर्ने सम्बन्धमा ।

**प्रस्ताव नम्बर ८** : अपाङ्ग समन्वय समितीमा कार्यपालिका सदस्य मनोनयन सम्बन्धमा ।

**प्रस्ताव नम्बर ९** : सरस्वती उ.मा.वि. गोबरडिहाको पूर्वाधार निर्माणका लागि सम्झौता गर्ने सम्बन्धमा ।

**प्रस्ताव नम्बर १०** : गढवा गाउँपालिकामा संचालित क्रसर तथा वासिङ्ग उद्योग अनुगमन नियमन सम्बन्धमा ।

**प्रस्ताव नम्बर ११** : गढवा गाउँपालिका अर्न्तगत विभिन्न विपदका घटना र सम्भावित विपद व्यवस्थापन सम्बन्धमा ।

**प्रस्ताव नम्बर १२** : गढवा गाउँपालिकाको शैक्षिक गुणस्तर अभिबृद्धि गर्नका लागि आवश्यक रणनिती निर्माण सम्बन्धमा ।

**प्रस्ताव नम्बर १३** : गढवा गाउँपालिकाको राजश्वको प्रमुख श्रोत नदिजन्य पदार्थको व्यवस्थापन शीर्षकमा अर्न्तक्रिया कार्यक्रम सम्बन्धमा ।

**प्रस्ताव नम्बर १४** : गढवा गाउँपालिका क्षेत्रभित्र विक्रि वितरण हुने घरेलु मदिरा र यसले समाजमा पारेको स्वास्थ्य, आर्थिक, सामाजिक समस्या र युवाहरूमा परेको बहुआयामिक असर सम्बन्धमा ।

**प्रस्ताब नम्बर १५** : गढवा गाउँपालिकाभित्र निर्माणाधिन अधुरा योजनाहरूको म्याद थप सम्बन्धमा ।

**प्रस्ताब नम्बर १६** : गढवा गाउँपालिकाका चालकहरू तथा वडाका केही कर्मचारीहरूको खाजा खर्च सम्बन्धमा ।

**प्रस्ताब नम्बर १७** : गाउँकार्यपालिकाको कार्यालयमा भवन निर्माण तथा बस्ती विकास शाखा स्थापना सम्बन्धमा ।

**प्रस्ताब नम्बर १८** : संघ र प्रदेश समपुरक योजनाहरू सुरू भई थोरैमात्र कार्यान्वियन भएको र आगामी आ.व. मा उक्त शीर्षकमा समपुरक अनुदान नआउने सन्दर्भमा अधुरा हुन गएका योजनाको आवश्यक नीतिगत निर्णय सम्बन्धमा ।

**प्रस्ताब नम्बर १९** : संघ र प्रदेश र गाउँपालिकास्तरिय योजनाहरू ठेक्कापट्टामार्फत कार्यान्वियन गर्दा नियमित रेखदेख कार्यसम्पन्न सिफारिस सम्बन्धमा ।

**प्रस्ताब नम्बर २०** : गढवा गाउँपालिकाको प्रेस संयोजक नियुक्त सम्बन्धमा ।

**प्रस्ताब नम्बर २१** : गढवा गाउँपालिकाको कानूनी सल्लाहकार नियुक्त सम्बन्धमा ।

**प्रस्ताब नम्बर २२** : सरस्वति उ.मा.वि. विद्यानगर गोबरडिहालाई अनुदान सम्बन्धमा ।

**प्रस्ताब नम्बर २३** : अन्य विविध विषय सम्बन्धमा ।

**निर्णय नम्बर १** : प्रस्ताब नम्बर १ उपर छलफल गर्दा गढवा गाउँपालिकाको आ.व. २०७८/०७९ मा विनियोजित योजना तथा कार्यक्रम सम्पन्न गरि मिति २०७९/०३/२० गतेसम्म भुक्तानीको लागि सम्पूर्ण विल भपाई तथा आवश्यक कागजात गाउँपालिकाको आर्थिक प्रशासन शाखामा पेश गरिसक्नुपर्ने सूचना प्रकाशन गरिएकोमा मिति २०७९/०३/२५ गतेसम्म फाईल पेश भएको र २५ गते मध्यराती शुत्र सफ्टवेयर बन्द भई बाँकी भुक्तानी प्रकृया अबरूद्ध भएको गढवा गाउँपालिकाको आर्थिक प्रशासन शाखाबाट जानकारी प्राप्त भएकोले सो सम्बन्धमा भुक्तानी दिन बाँकी रहेको एकमुष्ट दायित्व यकिन गरि आउँदो गाउँकार्यपालिकाको बैठकबाट आवश्यक निर्णय लिने निर्णय गरियो ।

**निर्णय नम्बर २** : प्रस्ताब नम्बर २ उपर छलफल गर्दा यस गढवा गाउँपालिकाको आ.व. २०७८/०७९ को कृषि विकास शाखाको स्वीकृत कार्यक्रम अर्न्तगत किसानहरूलाई ५० प्रतिशत अनुदानमा पावर टिलर खरिद कार्यक्रम अर्न्तगत १५ लाख रूपैया विनियोजन भएकोमा कृषक समुह, कृषि सहकारी र कृषि फर्मलाई सूचना आह्वान गरि छनौटका विभिन्न मापदण्ड र प्रकृया पार गरि मिति २०७९/०२/२५ गतेको गाउँकार्यपालिकाको बैठकबाट लाभग्राही छनौट भईसकेपश्चात कृषक समुह, कृषि सहकारी र कृषि फर्म मार्फत १५ थान १८ एच.पि. को पावर टिलर प्रति थान रू. १९५०००।- (अक्षेरेपी एक लाख पन्चानब्बे हजार मात्र) मा कृषक समुह, कृषि सहकारी र कृषि फर्मले नै खरिद गरि ल्यायकोमा गाउँपालिकाको तर्फबाट दिनुपर्ने अनुदान ५० प्रतिशत वापत रू. ९७५००।- अनुदान दिईएकोमा सो को समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ३** : प्रस्ताब नम्बर ३ उपर छलफल गर्दा तपशिल बमोजिम जग्गाको वर्गिकरण गर्ने निर्णय गरियो ।

क) बजार क्षेत्र : बाटो देखि दुबैतर्फ २००/२०० मिटर दाँयावाँया आवास क्षेत्र कायम गर्ने । र बजार क्षेत्रको चारकिल्ला तपशिल बमोजिम कायम गर्ने

पूर्वमा :सिक्रहवा खोला | पश्चिममा : घोराहा चोक

दक्षिणमा : बेस क्याम्प | उत्तरमा : सिक्रवा खोला

माथि उल्लिखित चारकिल्ला क्षेत्रभित्र पर्ने तर बाटोको दायरा २००/२०० मिटर भित्र नपर्ने आवासीय जग्गाहरूको हकमा वडा कार्यालयको सिफारिस भई आएमा आवास क्षेत्र कायम गर्ने ।

ख) बजार क्षेत्र बाहेक पूर्व-पश्चिम र उत्तर-दक्षिण हुलाकी सडक क्षेत्रमा : बाटो देखि दुबैतर्फ १००/१०० मिटर दाँयावाँया आवास क्षेत्र कायम गर्ने ।

ग) सहायक सडक वा ग्रामिण सडक क्षेत्रमा : बाटो देखि दुबैतर्फ ५०/५० मिटर दाँयावाँया आवास क्षेत्र कायम गर्ने ।

**निर्णय नम्बर ४** : प्रस्ताब नम्बर ४ उपर छलफल गर्दा गढवा गाउँपालिका अर्न्तगत १ देखि ८ नम्बर वडा भित्रका सम्पूर्ण जग्गाहरूका लागि मालपोत कार्यालय लमहीबाट हुने जग्गाको मूल्याङ्कनका लागि मूल्याङ्कन दरमा ५ प्रतिशत बृद्धि गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ५** : प्रस्ताब नम्बर ५ उपर छलफल गर्दा यस गढवा गाउँपालिकाको शिक्षा समिती गठनका लागि तपशिल बमोजिम मनोनयन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| गाउँपालिका सदस्यहरू मध्येबाट | : श्री दिनमणि आचार्य |
| | : श्री खिमा डाँगी |
| विद्यायलका प्र.अ. मध्येबाट | : श्री गोबिन्द के.सी., आ.वि. सुपैला |
| वि.व्य.स. अध्यक्ष मध्येबाट | : हेमन्त कुमार चौधरी |

**निर्णय नम्बर ६** : प्रस्ताब नम्बर ६ उपर छलफल गर्दा गढवा गाउँपालिका अन्तर्गत संचालित रोजगार सेवा केन्द्रमा सुचिकृत भएका बेरोजगारहरूको बेरोजगार सूचि निर्धारण तथा प्राथमिकिकरण मार्गदर्शन २०७६ बमोजिम प्राथमिकिकरण गरियकोमा उक्त सूचि स्वीकृत गरि सो बारेमा बेरोजगारहरूलाई सुचित गर्नका लागि सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ७** : प्रस्ताब नम्बर ७ उपर छलफल गर्दा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम, सिंहदरवार काठमाण्डौको मिति २०७९/०३/३५ गतेको सार्वजनिक सूचना बमोजिम आ.व. २०७९/८० का लागि यस गढवा गाउँपालिका अन्तर्गत संचालित रोजगार सेवा केन्द्रका लागि आवश्यक रोजगार सहायक पदमा सेवा करारमा पदपूर्तिका लागि सूचनामा उल्लेखित विवरण बमोजिम यस गढवा गाउँपालिकाको तर्फबाट विज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ८** : प्रस्ताब नम्बर ८ उपर छलफल गर्दा गढवा गाउँपालिका अन्तर्गत यस गढवा गाउँपालिकाको अपाङ्ग समन्वय समिती गठनका लागि तपशिल बमोजिम मनोनयन गर्ने निर्णय गरियो ।

क) गाउँकार्यपालिका सदस्यहरूमा एक जना महिला सदस्य : श्री रमा भण्डारी

**निर्णय नम्बर ९** : प्रस्ताब नम्बर ९ उपर छलफल गर्दा गढवा गाउँपालिका अन्तर्गत वडा नम्बर ३ स्थित सरस्वती उ.मा.वि. विद्यानगरको भौतिक पूर्वाधार निर्माणका लागि प्रदेश सरकारबाट विनियोजित रकम ३,००,००,०००।- (अक्षरेपी तीन करोड) को डिपिआर बमोजिम लगत ईस्टिमेट तयार पारि टेन्डर गरिएकोमा रू २,५९,०१,२५२।७९ (अक्षरेपी दुई करोड उन्साठी लाख एक हजार दुई सय बाउन्न रूपैया उनासी पैसा) मा एन.बि कन्स्ट्रक्सन बुटवल ११ रूपन्देहीले ठेक्का कबोल गरेकोले उक्त योजना निरन्तरताका लागि निर्माण प्रक्रिया अगाडि बढाउन सो को ठेक्का सम्झौता गर्ने र आगामी आ.व. मा श्रोत सुनिश्चितताका लागि शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालयमा आ.व. २०७९/०८० का लागि कबोल रकम बराबरको आवश्यक बजेट माग गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर १०** : प्रस्ताब नम्बर १० उपर छलफल गर्दा गढवा गाउँपालिका अन्तर्गत संचालित विभिन्न क्रसर उद्योग, अस्थाई क्रसर उद्योग तथा बालुवा वासिङ उद्योगहरूको नियमित रूपमा अनुगमन नियमन गर्नका लागि तपशिल बमोजिमको अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| गाउँपालिका उपाध्यक्ष : श्री शारदा कुमारी चौधरी | संयोजक |
| १ नम्बर वडा अध्यक्ष : श्री बाबुराम अधिकारी | सदस्य |

२ नम्बर वडा अध्यक्ष : श्री भक्तु चौधरी सदस्य

३ नम्बर वडा अध्यक्ष : श्री तुलसीराम अधिकारी सदस्य

४ नम्बर वडा अध्यक्ष : श्री हरि भगत चौधरी सदस्य

५ नम्बर वडा अध्यक्ष : श्री लेख बहादुर थापा सदस्य

६ नम्बर वडा अध्यक्ष : श्री बिर बहादुर आले मगर सदस्य

७ नम्बर वडा अध्यक्ष : श्री राहुलदेव चौधरी सदस्य

८ नम्बर वडा अध्यक्ष : श्री अब्दुल खालिक सिद्दिकी सदस्य

प्रशासन शाखा प्रमुख : श्री पुनाराम शर्मा सदस्य

प्राविधिक शाखा प्रमुख : श्री विनय कुमार यादव सदस्य सचिब

**निर्णय नम्बर ११** : प्रस्ताब नम्बर ११ उपर छलफल गर्दा गढवा गाउँपालिका अर्न्तगत घटेका विभिन्न विपदका घटना, कार्यपालिकामा राहतका लागि पर्न आएका निवेदन तथा वर्षातको समयमा सम्भावित विपदका घटनाहरूको सन्दर्भमा प्रत्येक वडाबाट विपदका तथा सम्भावित विपदका घटनाहरूको फाईल संकलन गरि प्राविधिक लगत ईस्टिमेट तयार पारि सो को विवरण वातावरण तथा विपद व्यवस्थापन समितिमा पेश गर्ने र सोही समितिको बैठकबाट सिफारिस भई आएमा कार्यान्वयन गरि समर्थनका लागि गाउँकार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर १२** : प्रस्ताब नम्बर १२ उपर छलफल गर्दा गढवा गाउँपालिकाको शैक्षिक गुणस्तर अभिबृद्धि गर्न तथा आवश्यक रणनिती निर्माण गर्नका लागि शैक्षिक क्षेत्रमा चासो र सरोकार राख्ने बौद्धिक व्यक्तीत्व, जनप्रतिनिधिहरू, राजनितिक दल, शिक्षक, समाजसेवी तथा शैक्षिक अग्रजहरूको भेला आयोजना गरि शिक्षा क्षेत्रमा गुणस्तर सुधार र व्यवस्थापकीय पक्षमा सुधार गर्नका लागि छलफल तथा अर्न्तक्रिया गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर १३** : प्रस्ताब नम्बर १३ उपर छलफल गर्दा गढवा गाउँपालिकाको आन्तरिक आय तथा राजश्व अभिबृद्धि गर्न तथा नदिजन्य पदार्थको अबैध चोरी निकासी रोक्न र नदिजन्य पदार्थबाट अधिकतम राजश्व बृद्धि गर्नलाई आवश्यक रणनिती निर्माण गर्नका लागि सरोकार राख्ने बौद्धिक व्यक्तीत्व, जनप्रतिनिधिहरू, राजनितिक दल, समाजसेवी, क्रसर व्यवसायी तथा निर्माण व्यवसायी समेटेर भेला आयोजना गरि नदिजन्य पदार्थको व्यवस्थापन र गाउँपालिकाको राजश्व अभिबृद्धि विषयमा छलफल तथा अर्न्तक्रिया गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर १४** : प्रस्ताब नम्बर १४ उपर छलफल गर्दा गढवा गाउँपालिका क्षेत्रभित्र विक्रि वितरण हुने घरेलु मदिरा तथा लागु औषध यसले जनस्वास्थ्यमा पारेको नकारात्मक असर, आर्थिक, सामाजिक, मनोबैज्ञानिक तथा बहुक्षेत्रीय असर सम्बन्धमा सचेतना तथा घरेलु

मदिराको विक्रि वितरणमा निरूत्साहन/रोक लगाउन तथा यसको कुलतबाट युवाहरूलाई जोगाउन जनस्वास्थ्यमा सरोकार राख्ने बौद्धिक व्यक्तीत्व, जनप्रतिनिधिहरू, राजनितिक दल, समाजसेवी तथा सामाजिक अगुवाहरूको भेला आयोजना गरि कुलत तथा दुर्व्यशनीमा पर्न नदिन तथा परिसकेकाहरूलाई छुटकारा दिलाउन आवश्यक रणनिती निर्माण गर्नका लागि छलफल तथा अन्र्तक्रिया गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर १५** : प्रस्ताब नम्बर १५ उपर छलफल गर्दा गढवा गाउंपालिका गाउँकार्यपालिकाको कार्यालयबाट कार्यान्वियन हुने विभिन्न योजनाहरूको सम्झौता भई निर्माण कार्य भईरहेको तर विविध कारणबशं सम्पन्न हुन नसकेका योजनाहरूको आगामी मंसिर मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर १६** : प्रस्ताब नम्बर १६ उपर छलफल गर्दा गढवा गाउँपालिकाको बा.२ भ ३५३९ को सवारी चालक श्री राजकुमार लोध र बा.२ भ १२८६ को सवारी चालक श्री देव बहादुर चौधरीलाई कार्यालय समयको अतिरिक्त समयमा समेत खटिनुपर्ने भएकोले निजहरूलाई खाजा खर्च वापत जनही मासिक रू २०००।- उपलब्ध गराउने साथै यस गढवा गाउँपालिका १ नम्बर वडा कार्यालयमा सामाजिक परिचालक पदमा कार्यरत श्री डोर बहादुर रोका मगर, ८ नम्बर वडा कार्यालयमा सामाजिक परिचालक पदमा कार्यरत श्री ऋषि कुमार चौधरी र ३ नम्बर वडा कार्यालयमा टेलि सेन्टर अपरेटर पदमा कार्यरत श्री शिव कुमार चौधरीलाई जनही २००० हजारका दरले मासिक खाजा खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नम्बर १७** : प्रस्ताब नम्बर १७ उपर छलफल गर्दा गढवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयबाट प्रदान गरिने प्राविधिक शाखाको सेवाहरूलाई व्यवस्थापन गर्नका लागि भवन निर्माण तथा बस्ती विकास शाखाको स्थापना गरि घरजग्गा अभिलेखीकरण, नक्सापास तथा विपद व्यवस्थापन सम्बन्धी कामकाजको जिम्मेवारी दिने र उक्त शाखाका लागि आवश्यक जनशक्ति हाल प्राविधिक शाखामा कार्यरत कर्मचारीबाट नै गर्ने गरि भवन निर्माण तथा बस्ती विकास शाखाको स्थापना गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर १८** : प्रस्ताब नम्बर १८ उपर छलफल गर्दा गढवा गाउँपालिकामा संघ र प्रदेश समपुरक योजनाहरू चालु आर्थिक वर्षमा सुरू भई थोरैमात्र कार्यान्वयन भएको र आगामी आ.व. मा उक्त शीर्षकमा संघ र प्रदेशबाट समपुरक अनुदान नआउने बुझिएकोले उक्त अधुरा हुन गएका योजनाको स्थलगत अनुगमन गरी आवश्यक्ता अनुसार कम्तिमा बस्ती क्षेत्रसम्म योजनाहरूलाई निरन्तरता दिनका लागि प्राविधिक लगत ईस्टिमेट तयार पारी उक्त अधुरा योजनाहरूको निरन्तरता तथा श्रोत व्यवस्थापन सम्बन्धमा आउँदो गाउँकार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर १९** : प्रस्ताब नम्बर १९ उपर छलफल गर्दा गढवा गाउँपालिका अन्र्तगत कार्यान्वियन हुने संघ, प्रदेश तथा गाउँपालिकास्तरिय योजनाहरूको ठेक्कापट्टा भएपश्चात सम्झौता गर्दा योजना कार्यान्वयन हुने सम्बन्धीत वडा कार्यालयलाई बोधार्थ दिने, योजना कार्यान्वयनको चरणमा उक्त वडा कार्यालयबाट नियमित अनुगमन, नियमन गर्ने र कार्यसम्पन्न

भईसकेपश्चात भुक्तानीको लागि सम्बन्धीत वडा कार्यालयबाट कार्यसम्पन्न सिफारिस माग गर्ने र सिफारिस आएमा मात्र उक्त योजनाहरूको भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नम्बर २०** : प्रस्ताब नम्बर २० उपर छलफल गर्दा यस गढवा गाउँपालिकाबाट सम्पादन हुने विभिन्न योजना तथा कार्यक्रमहरूको आम गढवाबासी तथा विभिन्न सन्चार माध्यममा सु-सूचित गर्नका लागि एक जना प्रेस संयोजक नियुक्त गर्ने गाउँसभाको ११ औ अधिवेशनको निर्णयानुसार गढवा ६ स्थायी ठेगाना भएका पत्रकार श्री उमानाथ यादबलाई साविककै प्रेस संयोजकको मासिक सुविधा रू २१,०००।- (अक्षेरेपी एक्काईस हजार) उपलब्ध गराउने गरि मिति २०७९/०४/०१ गतेदेखि लागु हुनेगरि प्रेस संयोजक पदमा नियुक्त गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर २१** : प्रस्ताब नम्बर २१ उपर छलफल गर्दा गढवा गाउँपालिका अर्न्तगत गढवा गाउँपालिकाबाट सम्पादन हुने विभिन्न खालका कामकाज र अन्य मुद्दा मामिला सम्वन्धी अदालती कामकाज र न्यायिक समितिबाट हुने न्यायिक फैसलाका लागि राय र सल्लाह लिनु पर्ने आवश्यकता देखिएकाले एक जना कानूनी सल्लाहकार नियुक्त गर्ने गाउँसभाको ११ औ अधिवेशनको निर्णयानुसार घोराही निबासी अधिबक्ता श्री विष्णु धिताललाई साविककै कानूनी सल्लाहकारको मासिक सुविधा रू १५,०००।- (अक्षेरेपी पन्ध्र हजार) उपलब्ध गराउने गरि मिति २०७९/०४/०१ गतेदेखि लागु हुनेगरि कानूनी सल्लाहकार पदमा नियुक्त गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर २२** : प्रस्ताब नम्बर २२ उपर छलफल गर्दा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन ईकाई दाङको आ.व. २०७८/०७९ को स्वीकृत कार्यक्रम अनुसार प्राविधिक शिक्षालयको साझेदारीमा व्यवसायीक उत्पादन कार्यक्रम संचालनका लागि संरचना निर्माण सम्बन्धी कार्यक्रमको जम्मा लागत रू १०,४९,५००।- रहेकोमा ७५ प्रतिशत परियोजनाबाट अनुदान प्राप्त भएको र बाँकी २५ प्रतिशत श्री सरस्वति माध्यमिक विद्यालय विद्यानगर गोबरडिहाले बेहोर्नुपर्ने शर्त अनुसार उक्त रकम गढवा गाउँपालिकाले उपलब्ध गराईदिनका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन ईकाई दाङबाट मिति २०७९/०३/०७ मा परिपत्र समेत भएकोले उक्त विद्यालयको दायित्व पर्ने २५ प्रतिशत रकम रू २,६२,३७५।- भुक्तानी दिईएकोमा सो को समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर २३** : प्रस्ताब नम्बर २३ उपर छलफल गर्दा नदिजन्य पदार्थको अबैध उत्खनन् तथा विक्रि वितरण गरिएको पाईएमा चोरी कार्यमा प्रयोग भएका गाडिहरूलाई जरिवाना गर्नका लागि जुन वडामा पक्राउ भएको छ सोही वडा कार्यालयबाट अनलाईन जरिवाना रसिद काट्न सकिने निर्णय गरियो ।